# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असार १ गते २०४३ साल (अतिरिक्ताङ्क १६ (ग)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा राष्ट्रिय पञ्चायतका अध्यक्षले राष्ट्रिय पंचायतका सदस्य श्री मरीचमान सिंह श्रेष्ठ प्रधानमन्त्रीको पदका लागि राष्ट्रिय पंचायतबाट निर्विरोध छानिनु भएको व्यहोरा उल्लेख गर्दै निजलाई प्रधानमन्त्रीको पदमा नियुक्ति बक्सन राष्ट्रिय पंचायतको सिफारिश बिन्ती चढाउनुभएको हुँदा मौसूफबाट २०४२ साल चैत्र ८ गते श्री नगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा गठन गरिबक्सेको मन्त्रिपरिषद्का प्रधानमन्त्री लगायत सबैलाई इमान्दारीपूर्वक गरेको कामका निमित्त धन्यवाद बक्सँदै नेपालको संविधानबमोजिम मौजूदा मन्त्रिपरिषद् विघटन गरिबक्सी नेपालको संविधानबमोजिम राष्ट्रिय पंचायतकै सिफारिशमा राष्ट्रिय पंचायतका सदस्य श्री मरीचमान सिंह श्रेष्ठलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।